## मिति २०७८।०१।१२ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ०२।०७८

१. मुख्य न्यायाधिवक्ताको आ.ब. ०७६/०७७ को वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्ने।

२. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने।

३. विपन्न नागरिक तथा औषधि उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने।

४. विभिन्न संघ संस्थालाई आर्थिक सहायता उपलब्ध गराउने।

५. गण्डकी प्रदेश लोक सेवा आयोगको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने।

६. गोवर्धन शर्मा स्मृती कोष, व्यास नगरपालिका वडा नं.-२, तनहूँलाई जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा ५० प्रतिशत छुट दिने।

७. सार्वजनिक खरिद सम्बन्धी प्रदेश (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

८. करार सेवामा चिकित्सक वा स्वास्थ्यकर्मी छनौट सम्बन्धी (चौथो संशोधन) कार्यविधि,२०७६ स्वीकृत गर्ने।

९. गण्डकी विश्वविद्यालयले सञ्चालन गर्ने स्वास्थ्य शिक्षाका कार्यक्रमको लागि छात्रवृत्ति स्रोत सुनिश्चितताको लागि नेपाल सरकारमा अनुरोध गरी पठाउने।

१०. कोभिड-१९ को व्यवस्थापनका लागि जनशक्तिको अस्थायी दरबन्दी स्वीकृत एवम् करारमा भर्ना गर्ने।

## मिति २०७८।०१।१४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. ०३।०७८**

१. गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभाका पदाधिकारी र सदस्यहरुको मनोनयन गर्ने।

२. संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समितिको अध्यक्षमा पुतलिबजार नगरपालिका वडा नं. ६ स्याङ्जा निवासी डा. कृष्ण प्रसाद पौडेललाई मनोनयन गर्ने।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी गण्डकी प्रदेशका ११ वटै जिल्ला सरदमुकाममा सामाजिक विकास कार्यालय स्थापना र संचालन गर्ने।

४. गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ स्वीकृत गर्ने।

५. गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा मादी गाउँपालिका वडा नं.४, कास्कीका डा. सोमनाथ सापकोटालाई नियुक्ति गर्ने।

६. प्रदेश खेलकुद परिषद्को सदस्य सचिवको पारिश्रमिक र सुविधा तोक्ने।

७. मनोनित हुन बाँकी प्रदेश खेलकुद परिषद् तथा जिल्ला खेलकुद विकास समितिका पदाधिकारी मनोनयन गर्ने।

८. विशेष परिस्थितिजन्य अवस्थामा परामर्श सेवाबाट एनेस्थेसियोलोजिस्ट र फिजिसियन करारमा भर्ना गर्ने र स्वास्थ्य सामाग्री खरिद गर्ने।

## मिति २०७८।०१।१६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. ०४।०७८**

१. प्रदेश सरकार, प्रदेश नं. ४ (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

## मिति २०७८।०१।२६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ०५।०७८

१. गण्डकी प्रदेश लोकसेवा आयोग नियमावली, २०७८ स्वीकृत गर्ने।

२. युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको संगठन संरचना तथा दरबन्दी स्विकृत गर्ने।

३. गण्डकी प्रदेश सभाको विशेष अधिवेशन अन्त्यका लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिश गर्ने।

४. कोरोना भाईरस नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने गरी गण्डकी प्रदेश सरकार मातहतका स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र लगायत १२ वटा अस्पतालहरुमा कोभिड-१९ बाट प्रभावित विरामीहरुको उपचारको लागि ३७० पदमा २०७८ असार मसान्तसम्म करारमा भर्ना गर्न सामाजिक विकास मन्त्रालयलाई स्वीकृति दिने र कोभिड-१९ रोकथाम नियन्त्रण तथा उपचारको लागि आवश्यक स्वास्थ्य सामाग्री छोटो प्रक्रियाबाट खरिद गर्न स्वीकृति दिने।

५. गण्डकी प्रविधिक शिक्षा तथा व्यवसायीक तालिम प्रतिष्ठानको कार्यकारी निर्देशकको पारिश्रमिक र सुविधा तोक्ने।

६. गण्डकी प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरुको पारिश्रमिक र सुविधा तोक्ने।